# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ४) संख्याः ०१, ०६ बैशाख २०७७


# भाग–२

## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा
## बागमती प्रदेश, नेपाल

## “शैलुङ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७६”

__प्रस्तावनाः__ शैलुङ गाउँपालिका, दोलखाभित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी शैलुङ गाउँपालिकाले एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७६ जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(क) यो निर्देशिकाको नाम "शैलुङ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७६, (पहिलो संशोधन २०७७)" रहेको छ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण र चालक समेतलाई जनाउछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्य कर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक"भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "गाउँपालिका"भन्नाले शैलुङ गाउँपलिकालाई सम्झनु पर्छ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवा ग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) "एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

३. **<u>एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितः</u>** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहाय बमोजिमको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) सामाजिक विकास समितिका संयोजक -संयोजक

(ख) गाउँ कार्यपालिका सदस्यहरु छ जना- सदस्य

(ग) रेडक्रस वा विपदसंग सम्बन्धित कार्य गर्ने गैरसरकारी संस्था- सदस्य

(घ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

(२) समितिको कुल सदस्य संख्या मध्ये ५१% सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँपालिकाको खर्च मापदण्ड सम्बन्धी नर्म्स २०७५ अनुसार हुनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल,भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नु पर्ने आचार संहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचार संहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा दर निर्धारण गर्ने, एकपटक निर्धारण भएको भाडा दर एक बर्ष नपुगी पुनरावलोकन गर्न नपाईने।

(ङ) सरोकारवाला तथा अन्य संघ संस्थाहरुबीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा सञ्चालनबारे समीक्षा बैठक गर्ने।

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैंक र कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अध्यावधिक विवरण प्रत्येक अर्धवार्षिक रुपमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

५. **<u>सेवा शुल्क सम्बन्धी व्यवस्था:</u>** (१) एम्बुलेन्स सेवा प्रयोग गरे वापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम एक अलग बैंक खाता र कोष समितिको नाममा खडा गरी जम्मा गर्नु पर्नेछ।

(३) सेवा शुल्क वापत लिइने रकम असुलीका लागि समितिको नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख र नियन्त्रण खाता समितिमा राखिनेछ। यस बमोजिम आवश्यक व्यवस्था नभएसम्म गाउँ कार्यपालिका कार्यालयको नगदी रसिद प्रयोग गरी सो बमोजिम संकलित रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्न बाधा पर्ने छैन।

(४) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ । उठेको रकम एक हप्ता भित्र बैंक दाखिला गर्नु पर्नेछ।

(५) कोषको रकम समितिले तयार पारी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको बार्षिक कार्य योजना अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने एम्बुलेन्स सञ्चालन सम्बन्धी उपकरण तथा अन्य शीर्षकमा खर्च गर्न सकिनेछ।

(६) उपदफा (१) बमोजिमको सेवा शुल्कको दररेट सम्बन्धमा शैलुङ गाउँपालिकाको आर्थिक ऐनमा अन्यथा उल्लेख भएमा सोही बमोजिम हुनेछ।

६. **<u>चालको नियुक्ति र सेवा सुविधा:</u>** (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले एकजना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्न सक्नेछ।

२) चालकको सेवा सुविधा दफा ३ बमोजिमको समितिको सिफारिशमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची २ बमोजिम हुनेछ।

७. **एम्बुलेन्स सञ्चालन विधि:** (१) दफा ६ बमोजिम नियुक्त सवारी चालकले सम्झौतामा उल्लेखित शर्त एवं यस निर्देशिकामा भएको व्यवस्था बमोजिम एम्बुलेन्स सेवा सञ्चालन गर्नेछ।

२) सवारी चालकले एम्बुलेन्स चलाउदा अनुसूची ३ बमोजिमको लगबुक अनिवार्य रुपमा भर्नु पर्नेछ।

(३) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिको सिफारिशमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

८. **एम्बुलेन्स रहने स्थान र मर्मत सम्भार:** (१) एम्बुलेन्स शैलुङ गाउँपालिकामा रहनेछ।

(२) एम्बुलेन्स समितिको पूर्ण रेख देख र निगरानीमा रहनेछ।

(३) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ।

९ **विविध:** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची ४ बमोजिम हुनेछ ।

(२) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

# अनुसूची १
## (निर्देशिकाको दफा ५ (१) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| बाट | सम्म | रकम | सम्म | रकम | सम्म | रकम |
|---|---|---|---|---|---|---|
| वडा नं. १ ता. दुधपोखरी साविक वडा नं. १-६ | गा.पा. | २०००/- | चरिकोट | ४०००/- | काठमाडौं | ७०००/- |
| वडा नं. १ ता. दुधपोखरी साविक वडा नं. ७-९ | गा.पा. | २५००/- | चरिकोट | ४५००/- | काठमाडौं | ७०००/- |
| वडा नं. २ भुसाफेदा | गा.पा. | २०००/- | चरिकोट | ४०००/- | काठमाडौं | ७०००/- |
| वडा नं. २ जम्वोसिंह | गा.पा. | २५००/- | चरिकोट | ४५००/- | काठमाडौं | ७०००/- |
| वडा नं. ४ मागापौवा | गा.पा. | १५००/- | चरिकोट | ३५००/- | काठमाडौं | ६५००/- |
| वडा नं. ५ काटाकुटी | गा.पा. | १५००/- | चरिकोट | ३५००/- | काठमाडौं | ६५००/- |
| वडा नं. ५ थाली | गा.पा. | १८००/- | चरिकोट | ३३००/- | काठमाडौं | ६५००/- |
| वडा नं. ७ फर्स्कु हेल्थपोस्ट | गा.पा. | २२००/- | चरिकोट | ३०००/- | काठमाडौं | ७०००/- |
| वडा नं. ६ गोठपानी/ मेलाडाँडा | गा.पा. | २०००/- | चरिकोट | ३२००/- | काठमाडौं | ७०००/- |
| वडा नं. ७ साँगुते | गा.पा. | ३०००/- | चरिकोट | २२००/- | काठमाडौं | ७०००/- |
| ६ नं. वडा केन्द्र | गा.पा. | २०००/- | चरिकोट | ३२००/- | काठमाडौं | ७०००/- |
| वडा नं. ३ ढुंगे | गा.पा. | १०००/- | चरिकोट | ४०००/- | काठमाडौं | ७०००/- |
| वडा नं. ८ शैलुङभ्कोर | गा.पा. | ३०००/- | चरिकोट | ४५००/- | काठमाडौं | ७५००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ नं. वडा केन्द्र | गा.पा. | २५००/- | चरिकोट | ४०००/- | काठमाडौं | ७५००/- |
| वडा नं. ८ पैती | गा.पा. | २२००/- | चरिकोट | ३५००/- | काठमाडौं | ७०००/- |
| वडा नं. ८ चिलाउनेखर्क | गा.पा. | २५००/- | चरिकोट | ४०००/- | काठमाडौं | ७५००/- |

**नोटः**

- स्थान नखुलेको हकमा वडा केन्द्र र वरिपरिको स्थानलाई आधार मानि भाडा दर लिन सकिनेछ।
- एम्बुलेन्स सञ्चालन गर्दा प्रचलित कानून बमोजिम लाग्ने करहरु गाउँपालिकाले व्यहोर्नेछ।
- चालकले सेवा शुल्क, एम्बुलेन्स प्रयोग सम्बन्धी निवेदन वा माग फारम र सवारी लगबुक भरी समिति मार्फत प्रत्येक महिना समाप्त भएको ३ दिन भित्र कार्यालयमा बुझाउनु पर्नेछ ।

# अनुसूची-२

## (निर्देशिकाको दफा ६ को उपदफा (४) संग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचार संहिता

(१) एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७६ लाई पूर्णतः पालना गर्नु पर्ने छ ,

(२) आफ्नो पेशागत भूमिका निर्बाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

(३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

(४) विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सम्मान पुर्वक व्यवहार गरी स्तरीय सेवा प्रदान गर्नु पर्ने,

(५) एम्बुलेन्स चालक आफुले लिएको निर्णयहरुमा आफै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनु पर्ने,

(६) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नु पर्ने,

(७) पुष्ट्याइ हुने कारण बिना बिरामीलाई बीच बाटोमा छाड्न नहुने,

(८) आफ्नो कामको सिलसिलामा कुनै पनि सूचना गोप्य राख्नु पर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्बाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

(९) विरामी अस्पताल पुग्नु पूर्वको सेवा लगायत एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग गर्ने कार्यमा मद्दत पु(याउनु पर्ने,

(१०) आफुले उचित देखेको र बिरामीको गुणस्तरीय सेवामा प्रभाब पार्ने राम्रा पक्षहरुको जानकारी समिति, सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनु पर्ने,

(११) नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार गर्न नहुने,

(१२) चालकको लापरबाहीको कारण एम्बुलेन्समा कुनै दखल परेमा चालक आफै जिम्मेवार हुनेछ ।

(१३) प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्नुपर्ने ।

जिल्ला,................बस्ने ना.प्र.प.नं..............ड्राइभिङ लाइसेन्स नं........भएको म.............ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । दोलखाजिल्ला शैलुङ गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण पालना गर्ने प्रतिवद्धता सहित सहमति जनाई सही छाप गरेको छु।

**रोहबरमा सहिछाप गर्नेको**

| | |
|---|---|
| चालकको: | नाम थर: |
| नाम थर: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति | मिति |
| | संस्थाको छाप: |

# अनुसूची-३
## (निर्देशिकाको दफा ७ (२) संग सम्बन्धित)
## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाकोकार्यालय
## काटाकुटी, दोलखा

## एम्बुलेन्स सञ्चालन लगबुक
## सवारी दर्ता नं.: सवारी चालकको नामः

| क्र.सं. | मिति | एम्बुलेन्स प्रयोगकर्ताको नाम | ठेगाना | सम्पर्क नं. | स्थान | | दुरी किलोमिटर | | सेवा शुल्क | रसिद नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची-४
## (निर्देशिकाको दफा (१०) को उपदफा (१) सँग सम्बन्धित)

## "ग" वर्गको common life support (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधीर उपकरणको विवरण

- First Aid का सामानहरु
- Oxygen cylinder, flow meter/ Mask जडित वा जरुरी परेमा राख्न सकिने
- IV Injection दिन सक्ने व्यवस्था
- Stretcher Cum Board
- Stethoscope, B=P= Apparatus, Torchlight, Driverwith basic training in first Aid and emergent medicine.

**प्रमाणिकरण मिति : ०३ बैशाख, २०७७**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**